## परिचय :

प्राकृतिक सम्पदा अनुसन्धानशाला (Natural Products Research Laboratory) वनस्पति विभाग अर्न्तगत वि.स. २०१९ सालमा शाही औषधि अनुसन्धानशालाको रूपमा स्थापना भएको हो । वनस्पति स्रोत अर्न्तगत वानस्पतिक रसायन, औषधोपयोगी जडीबुटीको अध्ययन, अनुसन्धान, तथा विकासका लागि प्रविधि विकास, जडीबुटी, वनस्पति जन्य उत्पादन, औषधीको गुणस्तर अध्ययन तथा नियन्त्रण गर्ने कार्यको लागि स्थापना भएको थियो । वि.स. २०५० को सांगठनिक पूर्नःसंरचना पश्चात प्राकृतिक सम्पदा विकास महाशाखा हुँदै वि.स. २०५६ पछि हालसम्म वनस्पति विभागको केन्द्रिय कार्यालय प्राकृतिक सम्पदा अनुसन्धानशालाका रूपमा संचालित रहेको छ । स्थापना काल देखि नै वनस्पति स्रोतको रसायनिक संरचना, जैविक असर, औषधोपयोगि वनस्पतिको अध्ययन अनुसन्धानमा केन्द्रित भई सो सम्वन्धी आवश्यक प्रविधि विकास तथा विश्लेषण सेवामा संलग्न रहेको छ ।

## लक्ष्य :

प्राकृतिक स्रोतको समग्र विकासका लागि वनस्पति स्रोतमा आधारित उद्योग तथा व्यापारको प्रर्वद्धन कार्य हेतु स्रोतको रसायनिक जैविक अध्ययन अनुसन्धान तथा स्रोतको उत्पादन विकासको प्रविधि विकास गर्ने गराउने एवं तत् सम्वन्धी सेवा प्रदान गर्ने ।

## उद्धेश्य :

- ◆ वानस्पतिक स्रोतको वायोप्रोस्पेक्टिङ्ग गर्ने ।
- ◆ वनस्पति स्रोतको रसायनिक संरचना एवं जैविक असरको अध्ययन अनुसन्धान गर्ने ।
- ◆ वनस्पति तथा वनस्पति जन्य उत्पादनको व्यापार प्रर्वद्धनका लागि अध्ययन अनुसन्धान गर्ने ।
- ◆ वनस्पति स्रोतको आधारित उद्योग तथा उत्पादन विकासमा सहयोग गर्ने ।
- ◆ जडीबुटीहरूको मूल्य अभिवृद्धि (Value addition) गर्ने कार्यमा सहयोग पुऱ्याउने ।
- ◆ वनस्पतिहरूको आपूर्ति श्रृखला व्यवस्थापन (Supply chain management) मा सहयोग गर्ने ।
- ◆ वनस्पति जन्य उत्पादनको गुणस्तर तयार गर्ने ।
- ◆ वनस्पति जन्य सुगन्धित तेलका नमूनाको पहिचान तथा प्रमाणिकरण गर्ने ।

## कार्यक्रम/कृयाकलाप :

- ◆ वनस्पति/जडीबुटीहरूको नमूना संग्रह गरी म्यूजियम व्यवस्थापन गर्ने ।
- ◆ वनस्पति/वनस्पति जन्य उत्पादनको फार्माकोग्नोष्टिक अध्ययन तथा पहिचान कार्य गर्ने ।
- ◆ वनस्पति स्रोतको रैथाने प्रजातिलाई विशेष ग्राह्यताका साथ अध्ययन अनुसन्धान गर्ने ।
- ◆ वनस्पति स्रोतको रसायनिक संरचनाको अध्ययन अनुसन्धान एवं अभिलेखिकरण गरि उत्पादनका लागि आवश्यक प्रविधि विकास गर्ने ।
- ◆ वानस्पतिक रसायन तथा वानस्पतिक सारतत्वको फर्माकोलोजिकल तथा जैविक असरको अध्ययन, अनुसन्धान एवं अभिलेखिकरण गर्ने ।
- ◆ सुगन्धित तेलयुक्त वनस्पतिहरूको अध्ययन अनुसन्धान तथा सूचिकरण गर्ने ।
- ◆ वनस्पति तथा वनस्पति जन्य उत्पादनहरूको गुणस्तर विश्लेषण विधि तय गरि गुणस्तर निर्धारण संयन्त्र मार्फत विश्लेषण गर्ने ।
- ◆ सरकारी, गैर सरकारी संघ संस्थाहरूलाई सुगन्धित तेल, वानस्पतिक रसायन, विश्लेषण विधि आदि बारे प्राविधिक ज्ञान तथा सिप प्रदान गर्ने ।
- ◆ सरकारी एवं गैर सरकारी संघ संस्थाहरू र विभिन्न विश्व विधालयका विधार्थीहरूलाई अनुसन्धानात्मक कार्यका लागि मुसा, खरायो र गिनिपिग जस्ता साना जीवहरू सम्भव भएमा उपलब्ध गराउने ।
- ◆ विभिन्न विश्वविद्यालयका विद्यार्थी एवं उद्योगका प्रतिनिधिहरूलाई प्राकृतिक सम्पदा तथा गुणस्तर विश्लेषण सम्वन्धि तालिम उपलब्ध गराउने ।
- ◆ प्राकृतिक स्रोतमा आधारित उद्योग व्यापार प्रर्वद्धन हेतु जडीबुटी तथा तिनका सारतत्वको गुणस्तर विश्लेषण एवं प्रमाणीकरण कार्य गर्ने ।

## प्राकृतिक सम्पदा अनुसन्धानशालाबाट सेवाग्राहीले लिने सेवाका लागि पेश गर्नु पर्ने कागजातहरू :

### १. विश्लेषण सेवाका लागि :

क) रू. १० को टिकट टाँसेको निवेदन र लिन खोजेको सेवा उल्लेख गर्नु पर्ने ।

ख) नमूना परीक्षणको लागि वनस्पतिको स्थानिय नाम र स्रोत खुलाउनु पर्ने ।

ग) वनस्पतिको वैज्ञानिक नाम खुलाउनुपर्ने ।

### २. निर्यात प्रयोजनको लागि विभिन्न वनस्पति/वानस्पतिक सारतत्व आदिको सिफारिसका लागि :

क) रू. १० को टिकट टाँसेको निवेदन, निर्यात गरिने मुलुकको नाम र नियार्त गर्नुपर्ने वस्तु उल्लखे गर्नुपर्ने ।

ख) कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, आयकर दर्ता प्रमाणपत्र एवं कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि तथा कम्पनी नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि (१ वर्षको एक पटकलाई)

ग) वनस्पतिको वैज्ञानिक नाम खुलाउनुपर्ने ।

### ३. CITES तथा वन ऐनले संरक्षित गरेका वनस्पति/त्यसका सारतत्व निर्यात प्रयोजन लागि :

क) वन विभाग मार्फत वनस्पति विभागले यस प्रयोगशालाई सिलबन्दी नमूना सहित विश्लेषण गरिदिने भनी लेखेको पत्र ।

ख) कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि तथा आयकर/PAN/VAT को चुक्ता प्रमाण पत्रको प्रतिलिपि एवं कम्पनी प्रमाणपत्रको प्रतिलिपि (१ वर्षको एक पटकलाई)

## प्राकृतिक सम्पदा अनुसन्धानशालाबाट प्रदान गरिने सेवा, लाग्ने समय तथा सेवा शुल्क :

| सि.न | विवरण | लाग्ने समय | सेवा सुल्क |
|---|---|---|---|
| १ | **क)** | | |
| | ❑ जडिवुटिका नमुनाहरूको पहिचान | ७ दिन | ३००।०० |
| | ❑ विरूवा/विउमा पाईने Fixed Oil निर्धारण | ७ दिन | ३००।०० |
| | ❑ MAP को Extractative value निर्धारण | ७ दिन | ३००।०० |
| | ❑ जडिवुटिका Extract को पहिचान | ७ दिन | ३००।०० |
| | ❑ Bitter Principle को निर्धारण | १५ दिन | ३००।०० |
| | **(ख) सुगन्धित तेलका Physiochemical parameter निर्धारण (प्रति नमुना)** | | |
| | ❑ Acid value | १५ दिन | ३००।०० |
| | ❑ सुगन्धित तेल प्रतिशत निर्धारण | ७ दिन | २००।०० |
| | ❑ Ester value | ७ दिन | २००।०० |
| | ❑ Ester value after acetylation | ७ दिन | २००।०० |
| | ❑ Qualitative Test by Co- TLC | ७ दिन | ४००।०० |
| | | ७ दिन | ४००।०० |
| | **ग)** | | |
| | ❑ शिलाजितका नमूनाहरूको पहिचान एवं प्रमाणीकरण गर्ने | ७ दिन | ४००।०० |
| २ | **बैज्ञानिक उपकरणद्धारा परिक्षण (प्रति नमुना)** | | |
| | ❑ UV/Vis Spectrophotometer | ७ दिन | ५००।०० |
| | ❑ Polarimeter (Optical Rotation) | ७ दिन | २००।०० |
| | ❑ Refractometer (Refractive Index) | ७ दिन | ५००।०० |
| | ❑ Specific Gravity | ७ दिन | २५०।०० |
| | ❑ PH परिक्षण | ७ दिन | २५०।०० |
| | ❑ विविध परिक्षण (Moisture content, Total Ash) | ७ दिन | २५०।०० |
| ३ | **प्रमाणिकरण (प्रति नमुना)** | ७ दिन | ४००।०० |
| ४ | **फर्माकोलोजिकल परिक्षण** | | |
| | ❑ Acute Toxicity Test | १५ दिन | १०००।०० |
| | ❑ Isolated Tissue Test | १५ दिन | १०००।०० |
| | ❑ Antifertility Test | १५ दिन | १०००।०० |
| | ❑ Anthelmentic Test | १५ दिन | १०००।०० |
| | ❑ Cardio Vascular Test | १५ दिन | १०००।०० |
| ५ | **वानस्पतिक रसायन विश्लेषण सेवा (प्रति नमुना)** | | |
| | ❑ विरूवाको Phytochemical screening | १ महिना | ५००।०० |
| | ❑ विरूवाको Extract तयार गर्ने । (Bench Scale) | ७ दिन | ७५०।०० |

| | | | |
|---|---|---|---|
| ६ | **जनावरहरू बिक्रि वितरण सेवा (प्रति गोटा)**<br>❑ खरायो<br>❑ गिनीपिग<br>❑ र्‍याट<br>❑ माइस | मौज्दात भएमा | ५००।००<br>३००।००<br>१२५।००<br>६०।०० |
| ७ | **फर्माकोग्नोसी सेवा (प्रति नमुना)**<br>❑ विरूवा तथा तिनका भागको पहिचान तथा नामाकरण<br>❑ पाउडर नमुना पहिचान<br>❑ म्युजियमको नमुनाको प्रत्यक्ष परिचय गराउने (प्रति पटक) | ७ दिन<br>७ दिन<br>तुरून्त | ३००।००<br>३००।००<br>१५०।०० |
| ८ | **प्राविधिक सेवा शुल्क**<br>❑ जडिबुटी तथा सारतत्वको पहिचान तथा प्रमाणिकरण कार्यको लागि नमूना संकलन कार्य निवेदनकर्ताको स्थानमा गई गर्नै पर्ने भएमा<br>❑ राजपत्रांकित जनशक्ति<br>❑ राजपत्र अनंकित जनशक्ति | जडिबुटी प्रशोधन तथा विश्लेषण आदि बारे निवेदकको मागअनुरूपको स्थानमा गई सेवा प्रदान गर्नु पर्ने मा (प्रति व्यक्ति) | ४५०।००<br>३००।०० |
| ९ | **विद्यार्थीहरूलाई प्रयोगशाला भिजिट तथा ब्रिफिङ्ग (प्रति पटक प्रति ग्रुप १० जना मात्र)**<br>❑ १० कक्षा सम्मका विद्यार्थी<br>❑ स्नातक सम्मका विद्यार्थी<br>❑ स्नातकोत्तर सम्मका विद्यार्थी | प्रयोगशालाको कार्यक्रमको अवस्था हेरी | ३००।००<br>७५०।००<br>१०५०।०० |
| १० | **भौतिक सुविधा समबन्धी सेवा**<br>❑ सेमिनार/गोष्ठीका लागि सभा कक्ष उपलब्ध गराउने | खालि भएको अवस्थामा | प्रति घण्टा<br>२००।००<br>एक दिन<br>१०००।०० |









**सम्पर्क:**

प्रशासन शाखा

प्राकृतिक सम्पदा अनुसन्धानशाला, थापाथली ।

नोट :

१. उल्लेखित सेवाहरू पहिलो आउने लाई पहिले सेवा (First Come First Service) का आधारमा दिईने छ ।

२. विजुली नभएको अवस्थामा यी समय अवधिमा कार्य सम्भव हुन नसक्ने ।

३. Sampling ISO 212 : 1973 Guideline अनुसार गरिने जानकारी गराईन्छ ।

# प्राकृतिक सम्पदा अनुसन्धानशाला
# बाट
# सेवाग्राहीलाई दिईने सेवाहरूको विवरण




नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

वनस्पति विभाग

## प्राकृतिक सम्पदा अनुसन्धानशाला

थापाथली, काठमाडौं ।

फोन नं.: ४२६६८५६ / ४२६८२४७, फ्याक्स : ९७७-१-४२५११४१